# सहकारी संघ/संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७०

सहकारी ऐन, २०४८ को दफा ३१ को उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न सहकारी संघ/संस्थाहरु एक आपसमा एकीकरण गर्ने सम्बन्धमा सहकारी ऐन, २०४८ र सहकारी नियमावली, २०४९ को अधिनमा रही सहकारी विभागले देहायको कार्यविधिहरु बनाएको छ ।

परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "सहकारी संघ/संस्था एकीकरण सम्बन्धी कार्यविधि, २०७०" रहेको छ ।

(२) यो कार्यविधि रजिष्ट्रारले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले सहकारी ऐन, २०४८ सम्झनु पर्छ ।

(ख) "विभाग" भन्नाले सहकारी विभागलाइ सम्झनु पर्छ ।

(ग) "सहकारी संघ/संस्था" भन्नाले सहकारी ऐन, २०४८ बमोजिम स्थापना भएका सहकारी संघ/संस्थालाइ सम्झनु पर्छ ।

(घ) "एकीकरण कार्य" भन्नाले दुई वा दुई भन्दा बढी संघ/संस्थाहरुबीच एक आपसमा भएको सम्झौता बमोजिम एकीकरण हुने कार्य सम्झनु पर्छ र सो शब्दले दुई वा दुई भन्दा बढी संघ/संस्था एक आपसमा गाभिई नयाँ संस्था बन्ने कार्य समेतलाई जनाउँछ ।

(ङ) "कार्यालय" भन्नाले सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय तथा डिभिजन सहकारी कार्यालयलाइ सम्झनु पर्छ ।

(च) "रजिष्ट्रार" भन्नाले ऐनको दफा २१ बमोजिम नियुक्त सहकारी विभागको रजिष्ट्रारलाइ सम्झनु पर्छ । सो शव्दले रजिष्ट्रारबाट प्रत्यायोजित अधिकार प्रयोग गर्ने अधिकृत कर्मचारी समेतलाइ जनाउनेछ ।

परिच्छेद-२

## उद्देश्य, योग्यता तथा प्रारम्भिक निवेदन सम्बन्धी व्यवस्था

३. **उद्देश्य**: संघ/संस्थाको एकीकरण व्यवस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ :-

(क) सबल र सक्षम संघ/संस्थाको निर्माण गर्न,

(ख) संघ/संस्थालाई पुँजी, भौतिक तथा मानवीय संसाधन द्वारा सक्षम र आत्मनिर्भर बनाउन,

(ग) संघ/संस्थाको दिगो विकास र स्थायित्व प्रदान गर्न,

(घ) सदस्यहरूलाई प्रदान गर्ने सेवामा गुणात्मकता तथा परिमाणत्मकतामा बृद्धि गर्न,

(ङ) एक व्यक्ति एक सहकारी सदस्यतालाई जोड दिन,

(च) सञ्चालन खर्चमा कटौती गरी उत्पादन क्षेत्रमा लगानी बढाउन,

(छ) संघ/संस्थालाई आधुनिक प्रविधिबाट सम्पन्न बनाई व्यवसायीकरण गर्न,

(झ) सहकारी क्षेत्रमा देखिएका विकृतिहरूमा सुधार गर्न,

४. **एकीकरण गर्न सकिने सहकारी संघ/संस्थाहरु** : निम्न संघ/संस्थाहरुलाइ एकीकरण गर्न सकिने संघ/संस्थामा राख्न सकिनेछ ।

(क) एउटै कार्य क्षेत्र भित्र रहेका, एक भन्दा बढी सहकारी संस्थाहरु ।

(ख) फरक जिल्ला भए पनि कार्य क्षेत्र जोडिएका संस्थाहरु

(ग) सञ्चालन लागत घटाएर सदस्यहरुलाई बढी लाभ बितरण गर्न चाहने संस्थाहरु ।

(घ) एउटै विषयसंग मेल खाने खालका संघहरु ।

५. **एकीकरणको व्यवस्थापन :** एकिकरणको व्यवस्थापन निम्नानुसार गर्नु पर्दछ :

(क) एकीकरण गरिने संघ/संस्थाहरूको आवश्यकता पहिचान गर्ने,

(ख) एकीकृत हुने संघ/संस्थाहरूका शेयर सदस्य तथा सञ्चालक समिति, लेखासमिति र अन्य उप समितिका सबै सदस्य वा पदाधिकारी अथवा आवश्यकता अनुसारको उपस्थितिमा एकीकरण सम्बन्धी अन्तर्क्रिया छलफल कार्यक्रमको संचालन गरी सहमति जुटाउने,

(ग) उपयुक्त अन्तरक्रिया छलफल पश्चात एकीकृत हुन चाहने संघ/संस्थाहरूको सञ्चालक समितिको बैठकबाट एकीकरणको निमित्त शर्त र कार्यविधि तयार पार्न बढीमा ५ सदस्यीय संयुक्त कार्यदल निर्माण गर्ने,

(घ) कार्यदलले शर्त तथा कार्यविधिमा गहन वहस र छलफल पश्चात अनुसूची-१ बमोजिमको शर्त तथा कार्यविधि तयार पारी बढीमा ७ दिनभित्र एकीकृत हुन चाहने संघ/संस्थाहरूमा प्रस्तुत गर्ने,

(ङ) कार्यदलले प्रस्तुत गरेको शर्त र कार्यविधिलाई एकीकृत हुन चाहने संघ/संस्थाहरूको सञ्चालक समितिको बैठकबाट साधारण सभामा लैजाने गरी अन्तिम रुप दिने,

(च) एकीकरण गर्ने संघ/संस्थाहरूको शर्त तथा कार्यविधि सञ्चालक समितिले पारित गरेपछि सम्बन्धित संघ/संस्थाहरूको नियमित साधारण सभाको समय भए त्यसैमा सो नभए विशेष साधारण सभा डाक्ने र शर्त तथा कार्यविधि प्रस्तुत गर्ने ।

(छ) एकीकरणमा संलग्न हुने संघ/संस्थाहरुले सम्वन्धित डिभिजन कार्यालय र छाता संघसँग आवश्यक राय, सुझाव र सहमति प्राप्त गर्ने ।

६. **योग्यता** : एकीकरण कार्यका एकै प्रकृति वा विषयका संघ/संस्थाहरुसँग मात्र एकीकरण गर्न सकिनेछ ।

तर एकै स्थानमा विभिन्न विषय र प्रकृतिका धेरै संघ/संस्थाहरु रहेको भएमा फरक विषय वा प्रकृति भएतापनि विभाग/कार्यालयले एकीकरण गर्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

७. **पूर्व स्वीकृति लिनु पर्ने** : (१) दफा ४ बमोजिम योग्य दुई वा दुई भन्दा बढी संघ/संस्थाले एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित आ-आफ्नो संचालक समितिबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य गर्न विभाग/कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भए पछि विभाग/कार्यालयले माग बमोजिम संघ/संस्थाहरु एकीकरण गर्न योग्य देखिए एकीकरणको कार्य अगाडि वढाउन स्वीकृति दिनु पर्नेछ ।

तर पूर्व स्वीकृति नलिएको भएतापनि संघ/संस्थालाइ एकीकरण गर्ने गरी स्वीकृति दिन यस उपदफाले वाधा पुऱ्याएको मानिने छैन ।

## परिच्छेद - ३

## सम्पत्ति तथा दायित्व, सम्झौता तथा अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था

८. **सम्पत्ति तथा दायित्वको मूल्याङ्कन सम्बन्धी व्यवस्था** : (१) विभाग/कार्यालयबाट पूर्व स्वीकृति लिएपछि एकीकरण हुन चाहने संघ/संस्थाले आ-आफ्नो सम्पत्ति र दायित्व तथा कारोवारको पछिल्लो मूल्याङ्कन गराउनु पर्ने अवस्था भए मुल्यांकनकर्ता नियुक्ति गरी सम्पत्ति र दायित्वको मुल्यांकन गराउनु पर्नेछ ।

(२) मूल्यांकनकर्ताले पेश गर्ने प्रतिवेदनमा संघ/संस्थाको देहाय बमोजिमका विषयहरुमा किटानीका साथ राय पेश गर्नु पर्ने छ र एकीकरण कार्यबाट उक्त विषयमा पर्ने प्रभावको विस्तृत विश्लेषण समेत गरेको हुनुपर्नेछ :-

(क) कर्जा वर्गीकरण,

(ख) कर्जा नोक्सानी व्यवस्थाको पर्याप्तता,

(ग) प्रचलित कानून तथा नियमनको पालना स्थिति,

(घ) तरलता विवरण,

(ङ) जनशक्ति व्यवस्थापन र

(च) अन्य आवश्यक विषयहरु ।

९. **एकीकरणमा राख्नु पर्ने शर्त र कार्यविधिका विषयहरूः** एकीकरणमा निम्न शर्त तथा कार्यविधिहरु राख्नु पर्छ ।

(क) कुन कुन संस्थासंग एकिकरण गर्ने हो सो उल्लेख गर्ने ।

(ख) एकिकृत संस्थाको नाम एकिकृत हुने संस्थाहरु मध्ये कुन संस्थाको नाम राख्ने हो वा नयां नाम के राख्ने हो सो को उल्लेख गर्ने र संस्थाको कार्यालय कहाँ रहने हो ठेगाना समेत उल्लेख गर्ने ।

(ग) एकिकृत संस्थाको कार्य क्षेत्र कति रहने हो सो एकिन गर्ने । कार्य क्षेत्र एकिन गर्दा मापदण्डमा रहेको व्यवस्थाको अनुसरण गर्ने ।

(घ) कुन संस्थाको विनियम स्वीकार गर्ने हो वा नयाँ विनियम तर्जुमा गर्ने वा कुनै विनियममा संशोधन गर्ने हो उल्लेख गर्ने ।

(ङ) शेयर पूँजिको रकम, विनियममा व्यवस्था भए बमोजिमका कोषमा रहेको रकमहरु एकिकृत संस्थामा के कसरी समावेश गर्ने र उपयोग गर्ने तरिका (जस्तै : एकिकृत हुने संस्थाहरुको शेयर पूँजिको रकम र संस्थाको विभिन्न कोषमा रहेको रकम तथा सदस्य संख्या सामान्यतया असमान हुन्छन ।)

(च) संस्थाको सम्पत्ति एकिकृत संस्थामा के कसरी प्रयोग गर्ने र दायित्वहरु के कसरी भुक्तानी गर्ने सो सम्बन्धी विषय ।

(छ) अन्य आवश्यक विषय ।

१०. **एकीकरणको साधारण सभामा प्रस्तुत गरिने विषयहरू** : संघ/संस्था एकिकरण कार्यको लागि साधारण सभामा निम्न विषयहरु पेश गर्नु पर्नेछ :

(क) अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्तुत गरिएको शर्त तथा कार्यविधि सम्बन्धी विवरण,

(ख) एकीकृत हुने अघिल्लो दिन सम्मको वासलात,

(ग) आन्तरिक लेखा परीक्षण प्रतिवेदन,

(घ) साधारणसभाबाट एकीकरणको स्वीकृति लिने कार्यका लागि अधिकार प्रत्यायोजन गरी प्रतिनिधि तोक्ने कार्य,

(ङ) एकीकरण पछि कुनै विवाद भए विवाद समाधान गर्न एकीकृत हुन आउने संघ/संस्थाबाट वढीमा ५ जनाको विवाद समाधान समिति गठन गर्ने,

(च) एकीकृत संघ/संस्थाहरूको सम्पति (स्थायी भए) नियमानुसार नामसारी सम्बन्धी विषय,

(छ) संघ/संस्थाहरुको ऋण लगानी, ऋण असुली र भुक्तानी, बचत तथा ऋणको व्याजदर, सदस्यताको क्रम संख्या, शेयर प्रमाण पत्र लिने दिने, कर्मचारी व्यवस्थापन, कारोवार स्थगन जस्ता विषयहरूमा कुनै छुट्टै व्यवस्था गर्नु पर्ने भए सो समेत निर्णय गर्ने ।

११. **सम्झौता सम्बन्धी व्यवस्था** : विभाग/कार्यालयबाट प्रक्रिया अगाडि बढाउन स्वीकृत प्राप्त गरेका संघ/संस्थाले देहायका कुराहरु खुल्ने गरी एक आपसमा सम्झौता सम्पन्न गर्नु पर्नेछ :-

(क) एकीकरण हुने संघ/संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र, एकीकरण भए पछि रहने नाम, ठेगाना, र कार्यक्षेत्र,

(ख) सदस्यहरुको हक हित संरक्षण गर्ने व्यवस्था,

(ग) संघ/संस्थाको सम्पत्तिको मूल्याङ्कन, सम्पत्ति/दायित्वको मिलान पद्धति,

(घ) एकीकरण गर्न लाग्ने अनुमानित समयावधि,

(ङ) संघ/संस्थाको विनियमावली, कार्य संचालन सम्बन्धी नियमावलीहरु, वचत तथा ऋण नीति/निर्देशिका संघ/संस्थाको रुपमा परिणत हुने वा एकीकरण हुने संघ/संस्थाको नाम ,

(च) एकीकरण भएपछिको पूँजी संरचना तथा स्वामित्व संरचना,

(झ) एकीकरण भएपछिको संघ/संस्थामा आवश्यक कर्मचारी मात्र रहने गरी कर्मचारी कटौती योजना तथा जनशक्ति व्यवस्थापन योजना तथा कर्मचारी व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था,

(ञ) प्रचलित सहकारी कानूनको पालनाको लागि पूरा गर्नुपर्ने विषय र स्वीकृति प्रक्रिया,

(ट) संस्थागत पुनर्संरचना, एक आपसमा सदस्यता सेवा केन्द्रहरुको मिलान तथा सञ्चालन व्यवस्था,

(ठ) अन्य प्रचलित कानून र सो को पालना भएको घोषणा,

(ड) विभाग वा कार्यालयले तोकेका अन्य आवश्यक विषयहरु ।

१२. **एकीकरणको लागि निवेदन दिने** : (१) दफा ७ बमोजिम स्वीकृती प्राप्त वा स्वीकृति प्राप्त नभएका संघ/संस्थाले ऐनको दफा ३१ को प्रक्रिया पूरा गरी एक आपसमा एकीकरण हुन चाहेमा एकीकरण कार्यको समय सीमा र तोकिएको प्रस्तावित कार्ययोजना सहित विद्यमान पूँजी संरचना अनुसार आ-आफ्नो साधारण सभाबाट प्रस्ताव पारित गरी सो सम्बन्धी कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्नु पर्नेछ ।

(२) उप-दफा (१) बमोजिम पारित एकीकरण प्रस्तावका आधारमा दुबै संचालक समितिको निर्णय सहित संयुक्त रुपमा केन्द्रीय संघ भए विभागमा र विषयगत र प्रारम्भिक संस्था भए सम्बन्धित कार्यालयमा अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

१३. **कार्यालयले अपनाउनु पर्ने कार्य प्रक्रिया** : (१) एकीकरणको लागि निवेदन पेश भए पछि कार्यालयहरुले निम्नानुसारको कार्य प्रक्रिया अपनाउनु पर्नेछ ।

(क) कार्यालयसँग एकीकरण लागि पूर्व स्वीकृति लिए, नलिएको र नलिएको अवस्थामा एकीकरण वा विभाजन पश्चात आउन सक्ने कानूनी जटिलताको विषय यकिन गर्ने,

(ख) एकीकरण हुने संस्थाहरुको साधारणसभाको दुईतिहाई वहुमतबाट नियमानुसारको प्रस्ताव पारित भए नभएको हेर्ने,

(ग) कार्यालयले एकीकरण सम्बन्धी १५ दिने सूचना तयार गरी एक जिल्ला भन्दा बढी कार्यक्षेत्र भएमा राष्ट्रिय तथा स्थानीय स्तरको पत्रिकामा र अन्यमा कुनै एकमा कम्तिमा एक पटक प्रकाशन गर्ने गराउने, स्थानीय एफ.एम रेडियोहरुबाट प्रशारण गराउने, कार्यालय, जिल्ला सहकारी संघ लि.,विषयगत जिल्ला सहकारी संघ लि. र सम्बन्धित संस्थाको सूचनापाटीमा टाँस्न गरी गुनासो उजुरी माग गर्ने,

(घ) सूचनाको अवधि भित्र गुनासो वा उजुरी परे नपरेको र परेको भए त्यसको गहनताको अध्ययन गर्ने,

(ङ) सरोकारवालाको गम्भीर प्रकृतिको उजुरी वा गुनासो पाइएमा त्यसको सच्चाई पत्ता लगाउने र नपरेमा सम्बन्धित कार्यालयबाट खुलाउनु पर्ने विषयहरु खुलाएर एकीकरण सम्बन्धी निर्णय लिने,

(च) एकीकरण कार्य सम्पन्न भएको सूचना पत्र प्रत्रिकामा प्रकाशित गर्न लगाउने,

(छ) संस्था एकिकरण गरे पछि मुल संस्थाको दर्ता कायम राखी अन्य संस्थाको लगत कट्टा गर्ने र सो को जानकारी जिल्ला सहकारी संघ, विषयगत संघ, सहकारी विभाग लगायतका निकायमा पठाउने ।

(ज) स्थायी लेखा नं. लिएका संस्था भए आन्तरिक कर कार्यालयको सहमति लिने ।

(२) संस्थाहरुको एककिरण गर्दा हाल कायम रहेको नाम चाहे अन्य नाम प्रस्ताव गरिएमा मापदण्ड बमोजिम नयां नाम दिने प्रयोजनका लागि विभागको सहमति आवश्यक नपर्ने ।

१३. **अन्तिम स्वीकृति सम्बन्धी व्यवस्था** : (१) एकीकरणको लागि आवश्यक प्रक्रिया अगाडि बढाउन पूर्व स्वीकृत पाएका संघ/संस्था दफा ८ बमोजिमको प्रतिवेदन र दफा ११ बमोजिमको संझौतापत्र सहित अन्तिम स्वीकृतिको निमित्त केन्द्रीय संघ भए विभागमा र विषयगत, जिल्ला संघ र प्रारम्भिक

संस्था भए सम्बन्धित कार्यालयमा संयुक्त रुपमा देहायका थप कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ :-

(क) एकीकरण हुने संघ/संस्थाहरुको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन,

(ख) एकीकरण गर्ने सम्बन्धमा कुनै समझदारीपत्र भए त्यस्तो समझदारीपत्र र एकीकरण समिति गठनको निर्णय,

(ग) एकीकरण हुने/संस्थाको चल अचल सम्पत्ति तथा दायित्वको पछिल्लो यथार्थ विवरणको मूल्याङ्कनको लागि नियुक्त मूल्यांकनकर्ताको प्रतिवेदन,

(घ) एकीकरण हुने संघ/संस्थाको नाम, ठेगाना,

(ङ) एकीकरण सम्बन्धमा स्वीकृत भएको अन्तिम कार्य योजना,

(च) कार्यालयले तोकेका अन्य कागजात तथा विवरण,

(ङ) एकीकृत हुन आउने संस्थाहरूले अनुसूची-२ बमोजिमको संयुक्त आवेदन

(च) एकीकरणको निर्णयहरूको प्रमाणित प्रतिलिपि,

(छ) एकीकरणको शर्त र कार्यविधि,

(ज) एकीकरण हुने संघ/संस्थाहरुको छुट्टा छुट्टै र संयुक्त वासलात,

(झ) विभाग/कार्यालयको स्वीकृतिमा स्थानीय पत्र पत्रिकामा संस्था एकीकरणमा जान लागेको कुराको सार्वजनिक सूचना जारी गरेको सूचना,

(ञ) उक्त सूचना प्रकाशित भएपछि एकीकरण सम्पन्न नभएसम्म कुनै आर्थिक कारोवार नगर्ने,

(ट) एकीकरणका लागि विभाग/कार्यालयमा पत्राचार गर्दा एकीकृत हुन चाहने संघ/संस्थाहरूको अघिल्लो बर्षको साधारण सभाद्वारा अनुमोदित लेखा परीक्षण प्रतिवेदन तथा चालु बर्षको आन्तरिक लेखा परीक्षण प्रतिवेदन समेत सँलग्न राख्नु पर्ने,

(ठ) एकीकृत संघ/संस्थाको विनियममा "एकीकृत संघ/संस्थाको नामबाट भए गरेका काम कार्वाही यस विनियम बमोजिम भए गरेको मानिनेछ" भन्ने प्रावधान पनि समावेश गर्ने, यसका लागि विनियम संसोधन प्रस्ताव पारित गराउने,

(ड) सम्पूर्ण कागज पत्रहरू एकीकृत हुन चाहने संघ/संस्थाका अध्यक्षहरूबाट प्रमाणित गरी पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन उपर विभाग/कार्यालयले कारवाही गर्दा थप विवरण तथा कागजात आवश्यक भएमा सो निर्णय गर्नु अघि निवेदक संघ/संस्थालाई लिखित सूचना दिई थप जानकारी वा कागजात पेश गर्न लगाउन सक्नेछ र त्यस्ता संस्थाका संचालक वा अधिकार प्राप्त व्यक्तिले विभाग/कार्यालयमा उपस्थित भई त्यस्तो थप जानकारी वा कागजात उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको निवेदन परेमा विभाग/कार्यालयले उक्त निवेदन, सोसँग संलग्न कागजात, विवरण उपर छानबिन गरी पैंतालिस दिनभित्र संघ/संस्था एक आपसमा एकीकरण गर्न स्वीकृति दिने वा नदिने निर्णय गरी सोको जानकारी सम्बन्धित संघ/संस्थालाई दिनेछ ।

(६) यस कार्यविधि बमोजिम माग गरिएको थप जानकारी वा कागजपत्र संघ/संस्था वा सोका अख्तियारवाला व्यक्तिले तोकेको समयावधिभित्र उपलब्ध नगराएमा एकीकरणको लागि निवेदकले दिएको निवेदन फिर्ता लिएको मानिनेछ र सो उपर कुनै कारवाही गरिने छैन । तर पुन: दिएको निवेदन उपर कारवाही गर्न भने यस व्यवस्थाले बाधा पुर्‍याएको मानिने छैन ।

(७) विभाग/कार्यालयले कुनै संघ/संस्था एकीकरण सम्बन्धमा आफूले गरेको निर्णय तथा सो कार्य सम्पन्न गर्ने समेतको ब्यहोरा सर्वसाधारणको जानकारीका लागि पत्रिकामा कम्तीमा दुई पटक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचनामा एकिकरण हुनु भन्दा अगाडीका संस्थाले गरेको कामहरु एकिकरण हुन संस्थाले गर्ने व्यहोरा समेत राख्नु पर्नेछ ।

परिच्छेद - ४

## विविध

१४. **एकीकरण सम्बन्धी अन्य व्यवस्था** : संघ/संस्था एक आपसमा एकीकरण गर्दा आवश्यकतानुसार देहाय बमोजिमको छुट प्रदान गर्न सकिनेछ :-

(क) दुई वा दुई भन्दा बढी एकै प्रकृतिका सहकारी संस्थाहरु एकीकरण गर्न चाहने संस्थाहरुले साविकमा स्वीकृति पाई कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको भएमा उपरोक्त कार्य क्षेत्र प्रदान गर्न सकिनेछ ।

(ख) एकिकरण गर्दा खण्ड (क) बमोजिम ठुलो कार्य क्षेत्र रहेको अवस्था भए उपयुक्त स्थानमा सदस्यता सेवा केन्द्र खोल्न दिइनेछ ।

(ग) फरक विषयका संस्थाहरु एकिकरण हुने भएका त्यस्ता संस्थाहरुलाइ सो संस्थाले चाहेको विषय वा प्रकृति राख्न स्वीकृति प्रदान गर्न सकिनेछ ।

१५. **एकीकरण पश्चात ध्यान दिनु पर्ने कुराहरू :** एकीकरण प्रश्चात निम्न कुरामा ध्यान पुऱ्याउनु पर्दछ ।

(क) एकीकरणमा सामेल भएका संघ/संस्थाहरु संस्थाको मूल कार्यालयभन्दा टाढा भए भने सदस्यता सेवा केन्द्र खोल्ने स्वीकृति लिइ कार्यहरुलाइ निरन्तरता दिने,

(ख) कर्मचारीको जिम्मेवारी वाँडफाँड र संचालक, लेखा समितिको जिम्मेवारीको वाँडफाँडमा विशेष ध्यान दिने,

(ग) पुरानो संस्था र एकीकृत संस्थाको सेवा सुविधामा कटौती होइन अरू उन्नत सेवा सुविधा दिने,

(घ) एकिकरण पछि संचालक र लेखा समितिको निर्वाचन गर्नु पर्ने भए विशेष साधारण सभा वोलाइ निर्वाचन गर्नु पर्छ ।

१६. **एकिकरणमा सहजीकरण गर्न सकिने**: देहायको अवस्था देखिएकोले संघ/संस्थाबाट एकिकरण गर्न अनुरोध भै आएमा विभाग/कार्यालयले एकिकरण कार्यमा सहजीकरण गर्न सक्नेछ ।

(क) एकै स्थानमा एकै विषयका धेरै संस्थाहरु संचालन भएकोले ।

(ख) एकै विषय र प्रकृति मिल्ने खालका संघहरु दर्ता भै संचालनमा रहेकाले ।

(ग) दुई वा दुई भन्दा बढी संघ/संस्थाहरु एक आपसमा एकीकरण गर्दा सहकारी आन्दोलनलाइ सहयोग पुग्ने देखिएमा ।

१७. **विविध** : (१) एकीकरण हुने संघ/संस्थाको सम्पत्ति तथा दायित्व प्राप्त गरेपछि सो सम्पत्ति तथा दायित्वको हिसाव किताब दुरुस्त राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) विभाग/कार्यालयले संघ/संस्था एक आपसमा एकीकरण गर्न अन्तिम स्वीकृति दिएपछि एकीकरण कार्य तोकिएको समयमा कार्यान्वयन नगरेको पाइएमा एकीकरण स्वीकृति बदर गरी कारवाही गर्न सक्नेछ ।

अनुसूची-१

**<u>एकीकरण का शर्त तथा कार्यविधि ढाँचा फारम ।</u>**

सहकारी ऐन, नियम, मापदण्ड तथा संघ/संस्थाको विनियममा भएको व्यवस्था अनुसार...................... सहकारी संघ/संस्था लि. .......................... र ...................... सहकारी संघ/संस्था लि. को एकीकरण गर्दा शर्त र कार्यविधि खोली एकीकरण प्रकृयालाई अघि बढाउनु पर्ने भएकाले निम्नलिखित शर्त र कार्यविधिका अधिनमा रही एकीकरण कार्य सम्पन्न गर्ने यस साधारण सभाले गरेको निर्णय कार्यान्वयनका लागि डिभिजन सहकारी कार्यालय .......................... अनुरोध गर्ने समेत निर्णय गरियो ।

| क्र. सं. | विषयहरु | एकीकरण शर्त | एकीकरणको कार्यविधि | कैफियत |
|---|---|---|---|---|
| १. | नाम | .................... संघ/संस्था लि. (दर्ता नं. डि.स.का......) ........... संघ/संस्था (द.नं. ..... डि.स.का.....) रहेकोमा दुवैलाई एकीकृत गरी एउटै नामबाट संस्थाको संचालन गर्ने । दुवै संघ/संस्था लाई एकीकृत गरी "................. सहकारी संघ/संस्था लि. ................ " कायम गर्ने । | दुवै संघ/संस्थाको साधारणसभाबाट पारित गराई ........ कार्यालय ....... बाट एकीकरणको स्वीकृति लिई संस्था "................... " को नामबाट संचालन गर्ने । | |
| २. | कार्यालय | दुवै संघ/संस्थाको कार्यालय एउटै बनाउने | .................. संघ/संस्थाको कार्यालय भवनबाट कार्य संचालन गर्ने । | |
| ३. | कार्यक्षेत्र | दुवै संघ/संस्थाको कार्यक्षेत्र एकीकृत रुपमा रहने र कार्यक्षेत्रमा आफ्नो सदस्यहरुलाई सेवा प्रदान गर्ने | एकीकृत हुने संघ/संस्थाका कार्यक्षेत्र .................. गा.वि.स.भएकोले ........... गा.वि.स.लाई समेत कार्यक्षेत्रका रुपमा स्वीकृती लिई सेवा प्रदान गर्ने । | |
| ४. | विनियम | दुवै संघ/संस्था एकीकृत भएपछि एउटा मात्र संघ/संस्थाको विनियम स्वीकार गरिने | ............... सहकारी संघ/संस्थाको विनियम ............. स्वीकार गरी सोही विनियम अनुसार कार्य संचालन गर्ने । | |
| ५ | शेयर रकम | दुवै संघ/संस्थाको शेयर रकम एकीकृत गर्ने । यस वर्षको एकीकृत हुन आउने रकम पनि संयुक्त रुपमा समावेश गरिने | ..........................को लेखा परीक्षण अनुसारको शेयर रकम जम्मा गरि एउटा संस्थामा समावेश गर्ने ।<br>.......................... को शेयर रु ................<br>....................को शेयर रु.................<br>जम्मा शेयर रु .............. | |
| ६. | संघ/संस्थाका कोषहरु | ................र.................... कोषको रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरु सदस्यहरुलाई वितरण गर्ने नमिल्ने कोषहरु यथावत राखि एकीकृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने | वितरण गर्न मिल्ने कोषहरु सम्वन्धित संघ/संस्थाका सदस्यहरुलाई वितरण गर्ने, कर्मचारीलाई वितरण गर्ने कोष पनि वितरण गर्ने र बाँकी कोषहरु नियमानुसार उपयोग गर्ने<br><u>वितरण गर्न मिल्ने कोषहरुको विवरण:</u><br>कोषको नाम | |

| | | | | |
|---|---|---|---|---|
| | | | ................ सहकारी संघ/संस्था<br>जम्मा<br>१. शेयर लाभांस<br>२. सुरक्षण पुँजि फिर्ता<br>३. कर्मचारी बोनस<br>जम्मा:<br>एकीकृत गरी कोषमा राख्ने कोषहरु:<br>कोषको नाम:<br>जम्मा<br>१. जगेडा कोष<br>२. सहकारी शिक्षा<br>३. घाटा पुर्ति<br>४. डुवन्त ऋण कोष<br>५. सहकारी विकास कोष<br>६. कर्मचारी संचयकोष<br>७. कर्मचारी वोनस कोष<br>जम्मा .................. | |
| ७. | दायित्व | ................र................ चुक्ता गर्नु पर्ने दायित्व एकीकरण पश्चात ...................... नै चुक्ता गर्ने अथवा दायित्व वहनको जिम्मेवारी ............... रहने । | .................... संघ/संस्थाको दायित्व र ................. संघ/संस्थाको दायित्व एकीकृत गरी ................. वाट फर्छोट गर्ने | |
| ८. | लगानी हिसाव | ............ र .............. छाता सघहरुमा रहेको लगानी हिसाव एकीकृत गरी ..................को नाममा कायम गर्ने । ............संघ/संस्थाको लगानी रकम सम्वन्धित छाता संघवाट फिर्ता लिइ आम्दानी बाँध्ने । | निम्न लगानी हिसाव एकीकृत गरी .............. को नाममा कायम गर्ने । फिर्ता गर्न मिल्ने रकम फिर्ता लिई ................ नाममा आम्दानी वाँध्ने र सो कार्यका लागि छाता संघहरुवाट पत्राचार गर्ने ।<br>लगानी भएको संघ/संस्था<br>.............................. | |
| ९ | ऋण लगानी | .........................र..................आफना सदस्यहरुलाई लगानी गरेको ऋण रकम एकीकृत गरी ..............मा समावेश गर्ने । | .....................र ....................एकीकृत भएपछि ............ऋणी सदस्यहरुले ...............नाममा उक्त ऋण सार्ने व्यवस बम ॉ । यसका लागि................मसान्तसम्म समय दिने व्याज मात्र बुझाएर ऋणी सदस्यहरुको ऋण ..................बाट उपलब्ध गराउने व्यवस्था मिलाउने । | |
| १० | बचत हिसाव | ...................र.................सबै खालका बचतहरु एकीकृत रुपमा | ..................र.........................द्वारा संचालित बचत कार्यक्रमहरु | |

| | | | | |
|---|---|---|---|---|
| | | समावेश गर्ने । | संस्था.........................शेयर सदस्यहरुको नाममा समावेश गरी राख्ने । | |
| ११ | सदस्यता | ................र.................. दुवै संस्थाका सदस्यहरुलाई एकीकृत संस्थामा समावेश गर्ने । | .............. र .................शेयर सदस्यहरुको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने । | |
| १२ | नीतिहरु | संघ/संस्था संचालन नीति लागु गर्ने सन्दर्भमा ................. र .............भएका एकै किसिमका नीतिहरु भए .......... का नीतिहरु लागु गर्ने र ................... नभएका नीतिहरुका सन्दर्भमा भन्ने ............. नीतिहरुलाई नै एकीकृत संघ/संस्थाको नीतिका रुपमा लागु गर्ने । | हाल रहेका निम्न नितिहरु कायम राखी संघ/संस्था संचालन गर्ने | |
| १३ | बैंक खाता र नगद जिम्मेवार ी | .............बैंक कारोवार ......... हस्तानान्तरण गर्ने,नगद पनि दुबै संघ/संस्थाको एकीकृत गर्ने । | ...................... बैंक र नगद हस्तान्तरण गरी एकीकृत रुपमा राखी उपयोग गर्ने । | |
| १४ | संस्था संचालन प्रक्रिया | ...............दुवै संस्थाका वर्तमान संचालक, लेखा तथा सल्लाहकार समिति एवं उपसमितिहरु मिलाएर विनियममा व्यवस्था भए बमोजिम बाँकी अवधि ................ सम्मका लागि कायम गर्ने । | दुवै संस्थाका संचालकहरुवाट संचालक समिति, लेखासमिति तथा अन्य समिति उपसमिति गठन गरी कार्य गर्ने । | |
| १५. | लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्ति | दुवै संघ/संस्थाको एकीकरण गरी संयुक्त रुपमा राख्ने । | दुवै संघ/संस्थाले बुझाउनुपर्ने बाँकी ऋण संयुक्त रुपमा ................ नाममा स्थानान्तरण गरी बुझाउने लिनु पर्ने भए पनि यही कार्य विधि अपनाइ असुल उपर गर्ने । | |
| १६. | केन्द्रीय /जिल्ला / विषयगत सं को प्रतिनिधि | .............. बाट प्रतिनिधित्व गर्ने केन्द्रीय/जिल्ला/विषयगत संघको प्रतिनिधि ............ एकीकृत संघ/संस्थाको तर्फबाट पनि निरन्तरता दिने र ...................... का केन्द्रीय प्रतिनिधिलाई भने फिर्ता गर्ने । | .................................... केन्द्रीय प्रतिनिधि ......................... संयुक्त भएको दुवै संघ/संस्थाको प्रतिनिधिका रुपमा एकीकृत प्रतिनिधि फेरवदल गर्ने । | |
| १७. | कर्मचारी | दुवै संघ/संस्थाका कर्मचारीहरुलाई यथावत कामकाज लगाउने । | ......................... नियुक्त कर्मचारीहरु र .................... नियुक्त कर्मचारहरुलाई एकीकृत रपमा...................... नै यथावत कामकाज लगाउने । | |
| १८ . | पान नं. | .......................... पान स्वीकार गर्ने र .................... पानलाई रद्ध गर्ने । त्यसका लागि सम्वन्धित निकायमा | ........................... ..... सहकारी संस्थाको आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको पान ...................... लाई | |

| | | | | |
|---|---|---|---|---|
| | | जानकारी गराउने । | प्रयोग गर्ने । | |
| १९. | नगदी र ढुकुटीको बीमा गर्ने | एकीकृत संघ/संस्था ..................... को नगदी र ढुकुटी (सेफ) को विमा गराई संचालन गर्ने । | उपयुक्त विमा कम्पनीसंग आवश्यक सम्झौता गरी नगदी र ढुकुटी बम ागर्ने व्यवस्था मिलाउने । | |
| २० . | एकीकरण पछिको विवाद सम्वन्धी | एकीकरण पश्चात्त कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तिन सदस्यीय समिति निमार्ण गर्ने र विवादको टुङ्गो लगाउने । | 'विवाद समाधान समितिमा' .................. र ...................... निम्न सदस्यहरुलाई जिम्मेवारी दिने र समितिले गरेको निर्णय संचालक समितिले अनुमोदन गरे पछि लागू हुने गरी निर्णय गर्ने ।<br>१. संयोजक : .................................<br>२. सदस्य :....................................<br>३. सदस्य : ................................... | |
| २१. | विनियम मा संशोधन र परिमार्जन गर्ने समिति | .......सहकारी संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरु थपघट, परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकाले व्यापक अध्ययन परिमार्जन गर्न तिन सदस्यीय समितिलाई जिम्मा दिने । | विनियम संसोधन र परिमार्जन गर्दा निम्न समिति निर्माण गरी जिम्मेवारी दिने ।<br>१. संयोजक : .................................<br>२. सदस्य :....................................<br>३. सदस्य : ..................................... | |

दस्तखत ................. 

............. संघ/संस्था लि.
संस्थाको छाप

दस्तखत .......................

............. संघ/संस्था लि.
संस्थाको छाप

अनुसूची-२
(दफा १२ संग सम्बन्धित)

श्रीमान् ....................
डिभिजन सहकारी कार्यालय ........ ।

बिषयः एकीकरण गर्न स्वीकृति पाउँ ।

महोदय,

सहकारी ऐन, २०४८ बमोजिम संचालन भै आएका तपसिल बमोजिमका.संघ/संस्था एकीकरण गर्न सम्पूर्ण प्रक्रिया पुरा भएकोले एकिकरणको लागि तोकिएका आवश्यक कागजात सहित यो निवेदन पेश गरेका छौं । अतः उपरोक्त संघ/संस्थाहरु एकिकरण गरी आउन अनुरोध गर्दछौं ।
आवश्यक कागजात थान.......संलग्न छन् ।

भवदीय,

| | |
|---|---|
| ....................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मितिः<br>संस्थाको छापः | ............................................<br>(संस्थाको तर्फबाट आधिकारिक व्यक्ति)<br>नामः<br>पदः<br>संस्थाको नामः<br>ठेगानाः<br>टेलिफोन नं :<br>फ्याक्स नं. :<br>इमेल ठेगाना :<br>मितिः<br>संस्थाको छापः |